जैमिनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ २०७३

कार्यपालिका बैठक संख्या ३८

आज मिति २०८१ साल कार्तिक २९ गते सोमबारका दिन जैमिनी नगरपालिकाका नगर प्रमुख श्री नर बहादुर पुन ज्यूको अध्यक्षतामा दोस्रो नगर कार्यपालिकाको ३८ औ बैठक देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

**उपस्थिति**

| क स | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री नर बहादुर पुन | |
| २ | नगर उपप्रमुख | श्री हरिहर शर्मा | |
| ३ | वडा अध्यक्ष वडा नं १ | श्री विष्णु प्रसाद आचार्य | |
| ४ | वडा अध्यक्ष वडा नं २ | श्री प्रेम सापकोटा | |
| ५ | वडा अध्यक्ष वडा नं ३ | श्री कृष्ण बहादुर भुजेल | |
| ६ | वडा अध्यक्ष वडा नं ४ | श्री चक्र बहादुर थापा | |
| ७ | वडा अध्यक्ष वडा नं ५ | श्री ठग बहादुर क्षेत्री थापा | |
| ८ | वडा अध्यक्ष वडा नं ६ | श्री कृष्ण बहादुर थापा | |
| ९ | वडा अध्यक्ष वडा नं ७ | श्री केन्द्र बहादुर सुनार | |
| १० | वडा अध्यक्ष वडा नं ८ | श्री बिमल श्रीस राना | — |
| ११ | वडा अध्यक्ष वडा नं ९ | श्री सन्दिप थापा | — |
| १२ | वडा अध्यक्ष वडा नं १० | श्री श्रीप्रसाद थापा | — |

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| १३ | कार्यपालिका सदस्य | श्री भगवती शर्मा सापकोटा | |
| १४ | कार्यपालिका सदस्य | श्री चिन्तामणि दर्जी | |
| १५ | कार्यपालिका सदस्य | श्री दुर्गा देवी पाध्यां | |
| १६ | कार्यपालिका सदस्य | श्री लाल बहादुर परियार | |
| १७ | कार्यपालिका सदस्य | श्री भरत वि.क | |
| १८ | कार्यपालिका सदस्य | श्री शान्तकला शर्मा | |
| १९ | कार्यपालिका सदस्य | श्री गीता कुमारी वि.क | |
| २० | कार्यपालिका सदस्य | श्री शान्ती सुनार | |
| | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | श्री हरि बहादुर भुजेल | |

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका

कार्यपालिका बैठक संख्या ३८

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

## कार्यपालिका बैठकका प्रस्ताव सूचि

### मिति २०८१।७।२९ गते

१. गत वैठकको समिक्षा ।

२. हाल सम्मको आय व्यय सार्वजनिक ।

३. अस्पताल निर्माणको लागि स्रोत सहमति माग गर्ने सम्बन्धमा।

४. काली गण्डकी नदिको नदिजन्य पदार्थ सम्बन्धि प्रारम्भिक वातावरणीय अध्ययन सम्वन्धमा

५. उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना कार्यक्रमका लागि लागत साझेदारी सहित प्रस्ताव पेश गर्ने सम्वन्धमा।

६. सिप परिक्षण केन्द्र स्थापनाका लागि लागत साझेदारी गर्ने सम्वन्धमा ।

७. विद्यालय समायोजन र शिक्षक दरबन्दी मिलान कार्यान्वयन निर्देशिका २०८० संसोधन सम्वन्धमा ।

८. विद्यालय समायोजन र दरबन्दी मिलान सम्बन्धमा ।

९. वालकोष सञ्चालन कार्यविधि, २०८१ स्वकृति सम्बन्धमा।

१०. वालमैत्री स्थानीय शासनको सिकाई केन्द्र सहितको बाल उद्यान निर्माण सम्वन्धमा ।

११. विद्यालय स्तरीकरण तथा शिक्षाका बालमैत्री सूचक सम्बन्धी निर्देशिका, २०८१ स्वीकृति सम्वन्धमा ।

१२. अनाथ तथा असाहाय बालबालिका संरक्षण कार्यक्रम सञ्चालन कार्यविधि,२०८१ स्वकृति सम्बन्धमा ।

१३. Creative Learning with book free Friday सञ्चालन निर्देशिका, २०८१ स्वकृति सम्बन्धमा ।

१४. सडक बोर्ड सँगको साझेदारीमा सडक मर्मत सुधार गर्ने सम्वन्धमा ।

१५. आर्थिक वर्ष २०८२/०८३ का लागि समपुरक र विशेष अनुदानका लागि कार्यक्रम सञ्चालन सम्वन्धमा।

१६. विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने सडकको प्रस्ताव सम्बन्धमा ।

१७. कृषि एम्बुलेन्सका सम्वन्धमा ।

१८. उपभोक्ता समिति अनुशिक्षण र संझौता सम्बन्धमा ।

१९. खानेपानी आयोजनामा लागत साझेदारी सम्वन्धमा ।

२०. विविध

हरि बहादुर भुसाल
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका

कार्यपालिका बैठक संख्या ३८

## निर्णयहरु

निर्णय नं १

यस अघि कार्यपालिकाको बैठकबाट गरिएका निर्णयहरु कार्यान्वयनका सम्बन्धमा छलफल गरियो । अधिकांश निर्णयहरु कार्यान्वयनमा गइसकेको देखियो । प्रभावकारी रुपमा निर्णय कार्यान्वयनका लागि कार्यालयलाई सुझाव दिने निर्णय गरियो ।

निर्णय नं २

पालिकाको हाल सम्मको आम्दानी र खर्चको विवरण निम्नानुसार रहेको जानकारी गराइयो । उपरोक्तानुसार प्रगति र आय व्यय विवरण अनुमोदन गर्ने र नगरपालिकाबाट हाल सम्म विभिन्न मितिमा भएका आयोजना तथा कार्यक्रम र प्रशासनिक खर्च तर्फका कार्यक्रम खर्च रकम फरफारक गर्ने निर्णय गरियो ।

निर्णय नं ३

जैमिनी नगरपालिकाको नगर अस्पताल निर्माणका लागि नेपाल सरकार अर्थ मन्त्रालय समक्ष अस्पताल निर्माणको लागत अनुमान सहितको विस्तृत परियोजना प्रतिवेदन अनुसार स्रोत सहमति माग्न स्वास्थ्य मन्त्रालय मार्फत अर्थ मन्त्रालयलाई लेखी पठाउने निर्णय गरियो ।

निर्णय नं ४

कालीगण्डकी नदिको नदिजन्य पदार्थ उत्खन्नबाट त्यहाँको वातावरणमा पर्न सक्ने वातावरणीय प्रभावको अध्ययनका लागि प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने निर्णय गरियो ।

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय ५

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८१।३।५ गतेको चलानी नं ४२२ को पत्रानुसार भारत सरकारको सहयोगमा सञ्चालन हुने उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना कार्यक्रम अन्तर्गत सञ्चालन गरिने आयोजनाका लागि आयोजना प्रस्ताव पेश गर्न चाहने स्थानीय तह सँग प्रस्ताव आह्वान भएकोमा जैमिनी नगरपालिकाको वडा नं ३ मा रहेको स्वास्थ्य चौकी भवन सहितको पुर्वाधार निर्माणको लागि विस्तृत परियोजना प्रस्ताव सहित मांग गरि छनौटका लागि पठाउने निर्णय गरियो । साथै उक्त आयोजना निर्माणका लागि नगरपालिकाको तर्फबाट लागत साझेदारी गर्नु पर्ने १० प्रतिशत लागत साझेदारीको प्रतिवद्दता समेत गर्ने निर्णय गरियो ।

निर्णय नं ६

अनौपचारिक रुपमा विभिन्न माध्यमबाट सिप सिकेका तर प्राप्त सिपको प्रमाणिकरण हुन नपाएका नागरिकको पालिका स्तरमा नै सिप परिक्षणको लागि व्यवस्था गर्न गण्डकी प्रदेश सरकार सँगको लागत साझेदारीमा सिप परिक्षण केन्द्रको स्थापना गर्ने साथ उक्त परिक्षण केन्द्र स्थापनाको लागि गरिने ६० प्रतिशत लागत साझेदारीको रकम जैमिनी नगरपालिका अध्ययन अनुसन्धान तथा सिप परिक्षण केन्द्र स्थापना शिर्षकको रकम खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं ७

जैमिनी नगर शिक्षा समितिको मिति २०८१।०७।२५ को निर्णय र सिफारिस बमोजिम बिद्यालय समायोजन तथा शिक्षक दरवन्दी मिलान कार्यान्वयन निर्देशिका २०८० अनुसार बिद्यालय समायोजन, शिक्षक दरवन्दी र शिक्षक व्यबस्थापन कार्यलाई अन्तिम रुप प्रदान गर्न उक्त निर्देशिकामा भएको व्यबस्थाहरुलाई थप परिभाषित गर्नु पर्ने भए अनुसार तपसिल बमोजिम उक्त निर्देशिका संशोधन गर्ने निर्णय गरियो ।

**तपसिल**

१. दफा ३ को उपदफा ६ (ज) मा निम्नानुसार प्रतिबन्धात्मक बाक्यांश थप गर्ने

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ २०७३

¥तर शैक्षिक बर्षको बिचमा बिद्यालय समायोजन गर्दा प्रति बिद्यालय ४ जना बिद्यार्थी भएमा सो शैक्षिक बर्ष भरि १ शिक्षक दरवन्दी उक्त बिद्यालयमा कायम राखि अन्य दरवन्दी कटौति गरि शैक्षिक वर्षको शुरुमा पूर्ण समायोजन गरिने छ।

२.दफा ४ को उपदफा २ मा रहेको

दफा ४ (१) मा जुनसुकै कुरा लेखिएता पनि बिद्यालय समायोजन गाभ्ने प्रकृया र कक्षा घट भै दरवन्दी पुलमा आउने भएमा प्रति कक्षा शिक्षक दरवन्दीको व्यबस्था गर्दै जाने र तेश्रो, चौथो र पाँचौ दरवन्दी कायम गर्दा प्रति कक्षा १० जना बिद्यार्थी संख्याको आधार लिइनेछ। भन्ने व्यबस्थाको सट्टा निम्नानुसार संशोधन गर्ने।

दफा ४ (१) मा जुनसुकै कुरा लेखिएता पनि बिद्यालय समायोजन गाभ्ने प्रकृया र कक्षा घट भै दरवन्दी पुलमा आउने भएमा प्रति कक्षा शिक्षक दरवन्दीको व्यबस्था गर्दै जाने र तेश्रो, चौथो र पाँचौ दरवन्दी कायम गर्दा प्रति **¥बिद्यालय कक्षा १–५ को हकमा १० जना र कक्षा १–३ को हकमा ८ जना** बिद्यार्थी संख्याको आधार लिइनेछ।

३. दफा ५ को उपदफा १ (क) मा निम्नानुसारको प्रतिवन्धात्मक वाक्यांस थप गर्ने।

¥तर तल्लो तहको तोकिएको भन्दा माथिल्लो तहको योग्यता भएको शिक्षकबाट माथिल्लो कक्षा संचालन गर्नुपर्ने बिद्यालयमा शिक्षक व्यबस्थापनको हकमा बिषयगत आवश्यकताको आधारमा नगर शिक्षा समितिले शिक्षक सरुवा र व्यबस्थापन कार्य गरि रोज्ने अवशरका लागि सूचना प्रकाशन गर्न सक्नेछ।

निर्णय नं ८

जैमिनी नरपालिका भित्रका सामुदायिक विद्यालयहरुको समायोजन र दरवन्दी मिलानका सन्दर्भमा नगरपालिकामा गठीत बिद्यालय समायोजन तथा दरवन्दी मिलान सुझाव उपसमितिको मिति २०८१।०३।२१ र मिति २०८१।०७।१२ को सुझाव र एकिन गरिएको बिद्यार्थी संख्या समेत बमाजिम स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २(ज), जैमिनी नगर शिक्षा ऐन २०८० को दफा ५, ४३ र ४५ एवम् बिद्यालय समायोजन तथा शिक्षक दरवन्दी मिलान कार्यान्वयन निर्देशिका २०८० को दफा ३ बमोजिम बिद्यालय समायोजन र दफा ४ बमोजिम दरवन्दी मिलानका लागि तपसिल बमोजिम थप परिभाषित गर्ने गरि जैमिनी नगर शिक्षा समितिको मिति २०८१।०७।२५ को निर्णय तथा सिफारिस अनुसार निम्न बमोजिम बिद्यालय समायोजन र दरवन्दी मिलानको अनुमोदन गरि सोको कार्यान्वयन गर्ने निर्णय गरियो।

**१. समायोजनका आधारः**

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

क. माध्यमिक तह र निम्न माध्यमिक तह समायोजनका हकमा चालु शैक्षिक वर्ष २०८१ मा यथावत राख्ने गरि २०८२ सालबाट समायोजन गर्ने जानकारी गराइ रातो क्षेत्र Red Zone मा रहेको व्यहोरा सहित सम्बन्धित विद्यालयलाई जानकारी गराउने ।

ख. समायोजनको सूचिमा रहेका र विद्यार्थी संख्या न्युनतम ४ रहेको विद्यालयमा हाल १ दरवन्दी यथावत रहने गरि अन्य दरवन्दी कटौती गर्ने र सो विद्यालयलाइ शैक्षिक वर्ष २०८२ देखि लागु हुने गरि पूर्ण समायोजन गर्ने र सोको जानकारी विद्यालयलाइ गराउने ।

ग. कक्षा घटाउने कार्य शैक्षिक वर्ष २०८२ को वैशाख महिनामा कार्यान्वयन गर्ने ।

घ. समायोजन भएका विद्यालयबाट कटौती भएका दरवन्दीहरु निर्देशिकाको दफा ४ को उपदफा १ र २ बमोजिम कक्षा १-३ मा शिक्षक विद्यार्थी अनुपात २:१५ र १-५ मा ३:२५ भए अनुसार समायोजनबाट कटौतीहुने दरवन्दी भएको हकमा दफा ४ को उपदफा २ बमोजिम दरवन्दी थप गर्दा तोकिएको अनुपात भन्दा माथी कक्षा १-५ मा १० जना र १-३ मा ८ जना विद्यार्थी भएमा मात्र १ दरवन्दी थप गर्ने र २० र १६ नपुगी २ थप नगर्ने यहि कमले चौथो र पाँचौ दरवन्दी थप गर्ने, विगतको दरवन्दी मिलान बाट माध्यमिक र निम्न माध्यमिक तहका लागि प्रदान गरिएको दरवन्दी बाहेक कक्षा १-५ मा प्राथमिक तहको अधिकतम दरवन्दी संख्या ५ र कक्षा १-३ मा अधिकतम दरवन्दी संख्या ३ कायम गर्ने ।

ङ दरवन्दी कटौतीको हकमा घ बूँदामा उल्लेखित विद्यार्थी संख्यामा कमी हुन आउदा ५ जना कम भएतापनि सो संख्यालाइ मार्जीनल संख्या मानी कटौती नगर्ने । समायोजनबाट प्राप्त दरवन्दी मात्र मिलान गर्ने ।

च. माध्यमिक तह र निम्न माध्यमिक तहमा नपुग शिक्षक दरवन्दीको आधारमा हाललाइ शिक्षक दरवन्दी थप नगर्ने विगतमा दरवन्दी मिलानबाट प्राप्त दरवन्दी यथावत राख्ने र पुन शैक्षिक वर्ष २०८२ को बैशाख महिनामा समायोजन र मिलान गर्दा माध्यमिक र निम्न माध्यमिक तहमा समेत प्रावि दरवन्दी गणना गरि मिलाइने छ । तर आगामी वर्ष कक्षा ९ संचालन गर्नुपर्ने श्री जैमिनी संस्कृत पाठशाला जैमिनी २ दमेकलाइ १ प्राथमिक तहको दरवन्दी र चालु शैक्षिक बर्षमा अनाथ तथा असाहाय बालबालिकाको आवाशिय विद्यालय संचालन हुने लिड स्कुल श्री सर्वोदयजनक मा.बि. जैमिनी ५ बिनामारेमा नि.मा. तहमा १ दरवन्दी थप हुने अवस्था देखिएकोले प्राथमिक १ दरवन्दी थप गर्ने ।

तपसिल

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका बागलुङ

विद्यालय समायोजन तथा दरवन्दी थप सम्वन्धि निर्णय।

| क्र.सं. | वडा | क्र.सं. | विद्यालयको नाम र ठेगाना | संचालित कक्षा | विद्यार्थी संख्या २०८१ | | | | [illegible] विवरण २०८१ | | | | [illegible] | | | | संख्या | | | | विद्यालय समायोजनका लागि निर्णय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रा. | नि.मा. | मा. | उ.मा. | प्रा. | नि.मा. | मा. | उ.मा. | प्रा. | नि.मा. | मा. | उ.मा. | प्रा. | नि.मा. | मा. | उ.मा. | |
| १ | जैमिनी १ कुश्मीसेरा | १ | शान्ति मा.वि., कुश्मिसेरा | 1-12 | 37 | 50 | 94 | | 2 | 7 | 7 | 6 | +1 | | | | 3 | 7 | 7 | 6 | एक दरवन्दी थप गर्ने |
| | | २ | कुश्मि प्रा.वि., कुश्मिसेरा | 1-5 | 14 | | | | 3 | | | | | | | | 3 | | | | |
| | | ३ | जैमिनी प्रा.वि., कुश्मिसेरा | 1-5 | 5 | | | | 3 | | | | −2 | | | | 1 | | | | पूर्ण समायोजन २०८२ मा गर्ने बालविकास कायम राख्ने |
| | | ४ | सिद्धिगणेश प्रा.वि., कुश्मिसेरा | 1-5 | 4 | | | | 3 | | | | −2 | | | | 1 | | | | पूर्ण समायोजन २०८२ मा गर्ने बालविकास कायम राख्ने |
| | | ५ | सरस्वती प्रा.वि., कुश्मिसेरा | 1-3 | 14 | | | | 2 | | | | | | | | 2 | | | | |
| | | ६ | जनचेतना प्रा.वि., कुश्मिसेरा | 1-5 | 22 | | | | 3 | | | | | | | | 3 | | | | |
| | | ७ | पल्लोपाखा सा.मा.वि., कुश्मिसेरा | 1-10 | 31 | 32 | 12 | | 8 | 4 | | | | | | | 8 | 4 | | | |
| | | | जम्मा | | 127 | 82 | 106 | 0 | 24 | 11 | 7 | 6 | 0 | 0 | 0 | 0 | 21 | 11 | 7 | 6 | |
| २ | जैमिनी २ दमेक | १ | सुन्तलाचौर मा.वि., दमेक | 1-12 | 45 | 68 | 52 | | 4 | 4 | 6 | 2 | +1 | | | | 5 | 4 | 6 | 2 | एक दरवन्दी थप गर्ने |
| | | २ | जनप्रिय मा.वि., दमेक | 1-10 | 22 | 40 | 33 | | 7 | 4 | 1 | | | | | | 7 | 4 | 1 | | |
| | | ३ | सरस्वती प्रा.वि., दमेक | 1-5 | 36 | | | | 4 | | | | | | | | 4 | | | | |
| | | ४ | दिव्यज्योति प्रा.वि., दमेक | 1-3 | 4 | | | | 1 | | | | | | | | 1 | | | | पूर्ण समायोजन २०८२ मा गर्ने बालविकास कायम राख्ने |
| | | ५ | जनज्योति प्रा.वि., दमेक | 1-3 | 2 | | | | 1 | | | | −1 | | | | 0 | | | | समायोजन गर्ने, बालविकास केन्द्र कायम गर्ने |
| | | ६ | ज्ञानज्योति प्रा.वि., दमेक | 1-5 | 24 | | | | 3 | | | | | | | | 3 | | | | |
| | | ७ | जनभावना प्रा.वि., दमेक | 1-3 | 2 | | | | 1 | | | | −1 | | | | 0 | | | | समायोजन गर्ने, |
| | | ८ | शहिदस्मारक प्रा.वि., दमेक | 1-3 | 10 | | | | 2 | | | | | | | | 2 | | | | |
| | | ९ | सगरमाथा प्रा.वि., दमेक | 1-2 | 9 | | | | 1 | | | | | | | | 1 | | | | |
| | | १० | जैमिनी संस्कृत आ.वि., दमेक | 6-8 | 19 | | | | 3 | | | | +1 | | | | 4 | | | | एक दरवन्दी थप गर्ने |
| | | | जम्मा | | 173 | 108 | 85 | 0 | 27 | 8 | 7 | 2 | 0 | 0 | 0 | 0 | 27 | 8 | 7 | 2 | |
| | | १ | भरतपुरी मा.वि., दमेक | 1-10 | 40 | 66 | 40 | | 5 | 4 | 3 | | | | | | 5 | 4 | 3 | | |
| | | २ | गणेश प्रा.वि., दमेक | 1-3 | 13 | | | | 2 | | | | | | | | 2 | | | | |
| | | ३ | कृष्ण प्रा.वि., दमेक | 1-5 | 25 | | | | 3 | | | | | | | | 3 | | | | |
| | | ४ | शिवालय नि.मा.वि., दमेक | 1-8 | 49 | 28 | | | 4 | 3 | | | +1 | | | | 5 | 3 | | | एक दरवन्दी थप गर्ने |
| | | ५ | लक्ष्मी प्रा.वि., दमेक | 1-3 | 6 | | | | 1 | | | | | | | | 1 | | | | |
| | | ६ | दुर्गा प्रा.वि., दमेक | 1-5 | 27 | | | | 3 | | | | | | | | 3 | | | | |
| | | | जम्मा | | 160 | 94 | 40 | 0 | 18 | 7 | 3 | 0 | 0 | 0 | 0 | 0 | 19 | 7 | 3 | 0 | |
| ४ | जैमिनी ४ सर्कुवा | १ | जनता मा.वि., सर्कुवा | 1-12 | 42 | 57 | 36 | | 3 | 4 | 6 | 2 | +1 | | | | 4 | 4 | 6 | 2 | एक दरवन्दी थप गर्ने |
| | | २ | सर्वोदय प्रा.वि., सर्कुवा | 1-5 | 1 | | | | 2 | | | | −2 | | | | 0 | | | | समायोजन गर्ने, बालविकास केन्द्र कायम गर्ने |
| | | ३ | जनप्रिय नि.मा.वि., सर्कुवा | 1-8 | 25 | 22 | | | 5 | 1 | | | | | | | 5 | 1 | | | |
| | | ४ | जनज्योति प्रा.वि., सर्कुवा | | 13 | | | | 2 | | | | | | | | 2 | | | | |
| | | ५ | सरस्वती प्रा.वि., सर्कुवा | 1-3 | 13 | | | | 2 | | | | | | | | 2 | | | | |
| | | ६ | दिव्यज्योति प्रा.वि., सर्कुवा | 1-5 | 33 | | | | 3 | | | | +1 | | | | 4 | | | | एक दरवन्दी थप गर्ने |
| | | | जम्मा | | 127 | 79 | 36 | 0 | 17 | 5 | 6 | 2 | 0 | 0 | 0 | 0 | 17 | 5 | 6 | 2 | |
| ५ | जैमिनी ५ बिनामारे | १ | सर्वोदयजनक मा.वि., बिनामारे | 1-12 | 60 | 87 | 45 | | 5 | 3 | 5 | 2 | +1 | | | | 6 | 3 | 5 | 2 | एक दरवन्दी थप गर्ने |
| | | २ | गण्डकी प्रा.वि., बिनामारे | 1-5 | 23 | | | | 3 | | | | | | | | 3 | | | | |
| | | ३ | सरस्वती प्रा.वि., बिनामारे | 1-5 | 23 | | | | 3 | | | | | | | | 3 | | | | |
| | | ४ | ज्ञानोदय प्रा.वि., बिनामारे | 1-5 | 34 | | | | 3 | | | | | | | | 3 | | | | |

[illegible] बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

| क्र.सं. | वडा | क्र.सं. | विद्यालयको नाम र ठेगाना | संचालित कक्षा | विद्यार्थी संख्या २०८१ | | | | विवरण २०८१ | | | | संख्या | | | | संख्या | | | | विद्यालय समायोजनका लागि निर्णय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रा. | नि.मा. | मा. | उ.मा. | प्रा. | नि.मा. | मा. | उ.मा. | प्रा. | नि.मा. | मा. | उ.मा. | प्रा. | नि.मा. | मा. | उ.मा. | |
| | | ५ | दलित उत्थान प्रा.वि., विनामारे | 1-5 | 26 | | | | 3 | | | | | | | | 3 | | | | कक्षा ४ र ५ सर्वोदयजनक मावि मा समायोजन गर्ने |
| | | ६ | शिशुकल्याण प्रा.वि., विनामारे | 1-3 | 5 | | | | 1 | | | | | | | | 1 | | | | |
| | | | जम्मा | | 171 | 87 | 45 | 0 | 18 | 3 | 5 | 2 | 0 | 0 | 0 | 0 | 19 | 3 | 5 | 2 | |
| ६ | जैमिनी ६ अर्जेवा | १ | जनकल्याण मा.वि., अर्जेवा | 1-10 | 49 | 28 | 25 | | 5 | 4 | 3 | | | | | | 5 | 4 | 3 | | |
| | | २ | जनशिक्षित मा.वि., अर्जेवा | 1-12 | 59 | 55 | 41 | | 7 | 5 | 3 | | | | | | 7 | 5 | 3 | | |
| | | ३ | बमर प्रा.वि., अर्जेवा | 1-3 | 15 | | | | 2 | | | | | | | | 2 | | | | |
| | | ४ | जनज्योति प्रा.वि., अर्जेवा | 1-3 | 7 | | | | 1 | | | | | | | | 1 | | | | |
| | | | जम्मा | | 130 | 83 | 66 | 0 | 15 | 9 | 6 | 0 | 0 | 0 | 0 | 0 | 15 | 9 | 6 | 0 | |
| ७ | जैमिनी ७ जैदी | १ | सतिहुंगा मा.वि., जैदी | 1-10 | 35 | 75 | 59 | | 4 | 3 | 5 | | | | | | 4 | 3 | 5 | | |
| | | २ | कुड्धाड प्रा.वि., जैदी | 1-5 | 23 | | | | 3 | | | | | | | | 3 | | | | |
| | | ३ | संस्कृत मा.वि., जैदी | 1-12 | 24 | 44 | 26 | | 4 | 4 | 7 | 2 | | | | | 4 | 4 | 7 | 2 | |
| | | ४ | भगवती प्रा.वि., जैदी | 1-5 | 30 | | | | 3 | | | | | | | | 3 | | | | |
| | | ५ | ज्ञानज्योति प्रा.वि., जैदी | 1-5 | 23 | | | | 3 | | | | | | | | 3 | | | | |
| | | ६ | शारदा प्रा.वि., जैदी (वाक्षो) | 1-5 | 30 | | | | 3 | | | | | | | | 3 | | | | |
| | | ७ | जनता बाल साक्षरता प्रा.वि., जैदी | 1-3 | 8 | | | | 1 | | | | | | | | 1 | | | | |
| | | ८ | शारदा प्रा.वि., जैदी (डाहाले) | 1-5 | 26 | | | | 3 | | | | | | | | 3 | | | | |
| | | ९ | जनता प्रा.वि., जैदी | 1-3 | 15 | | | | 2 | | | | | | | | 2 | | | | |
| | | १० | सरस्वती आ.वि. जैदी | 1-8 | 26 | 33 | | | 3 | 4 | | | | | | | 3 | 4 | | | |
| | | | जम्मा | | 240 | 152 | 85 | 0 | 29 | 11 | 12 | 2 | 0 | 0 | 0 | 0 | 29 | 11 | 12 | 2 | |
| | | १ | बसन्त मा.वि., छिस्ती | 1-10 | 55 | 37 | 36 | | 6 | 3 | 3 | | | | | | 6 | 3 | 3 | | |
| | | २ | केवैखानी प्रा.वि., छिस्ती | 1-5 | 25 | | | | 3 | | | | | | | | 3 | | | | |
| | | ३ | जनकल्याण मा.वि., छिस्ती | 1-12 | 42 | 66 | 70 | | 3 | 4 | 5 | 2 | +1 | | | | 4 | 4 | 5 | 2 | एक दरवन्दी थप गर्ने |
| | | ४ | वाडलिङ प्रा.वि., छिस्ती | 1-5 | 24 | | | | 3 | | | | | | | | 3 | | | | |
| | | ५ | नवज्योति प्रा.वि., छिस्ती | 1-5 | 23 | | | | 3 | | | | | | | | 3 | | | | |
| | | ६ | सरस्वती प्रा.वि., छिस्ती | 1-5 | 6 | | | | 2 | | | | | | | | 2 | | | | |
| | | ७ | बालविकास प्रा.वि., छिस्ती | 1-5 | 14 | | | | 2 | | | | | | | | 2 | | | | |
| | | ८ | विद्यामन्दिर प्रा.वि., छिस्ती | 1-5 | 24 | | | | 3 | | | | | | | | 3 | | | | |
| | | ९ | पृथ्वी प्रा.वि., छिस्ती | 1-4 | 22 | | | | 2 | | | | | | | | 2 | | | | |
| | | १० | ताराज्योति प्रा.वि., छिस्ती | 1-3 | 2 | | | | 1 | | | | −1 | | | | 0 | | | | समायोजन गर्ने, बालविकास केन्द्र कायम गर्ने |
| | | ११ | क्वाडदी प्रा.वि.,छिस्ती | 1-3 | 0 | | | | 1 | | | | −1 | | | | 0 | | | | समायोजन गर्ने, बालविकास केन्द्र कायम गर्ने |
| | | १२ | छिस्ती नि.मा.वि., छिस्ती | 1-8 | 41 | 44 | | | 3 | 4 | | | +1 | | | | 4 | 4 | | | एक दरवन्दी थप गर्ने |
| | | | जम्मा | | 278 | 147 | 106 | 0 | 32 | 11 | 8 | 2 | 0 | 0 | 0 | 0 | 32 | 11 | 8 | 2 | |
| ९ | जैमिनी ९ पैयुथन्थाप | १ | जनता मा.वि., पैयुथन्थाप | 1-12 | 33 | 42 | 46 | | 3 | 4 | 5 | 2 | | | | | 3 | 4 | 5 | 2 | |
| | | २ | गाउफर्क नि.मा.वि., पैयुथन्थाप | 1-8 | 21 | 14 | | | 6 | 1 | | | | | | | 6 | 1 | | | |
| | | ३ | जनता प्रा.वि., पैयुथन्थाप | 1-5 | 26 | | | | 3 | | | | | | | | 3 | | | | |
| | | ४ | भिजुवा मा.वि., पैयुथन्थाप | 1-10 | 40 | 42 | 36 | | 9 | 2 | | | | | | | 9 | 2 | | | |
| | | ५ | रजत जयन्ती प्रा.वि., पैयुथन्थाप | 1-3 | 10 | | | | 2 | | | | | | | | 2 | | | | |
| | | ६ | सिद्ध प्रा.वि., पैयुथन्थाप | 1-3 | 17 | | | | 2 | | | | | | | | 2 | | | | |
| | | ७ | जनज्योती प्रा.वि., पैयुथन्थाप | 1-3 | 9 | | | | 1 | | | | | | | | 1 | | | | |
| | | ८ | मेलमिलाप प्रा.वि., पैयुथन्थाप | 1-3 | 24 | | | | 2 | | | | +1 | | | | 3 | | | | एक दरवन्दी थप गर्ने |

प्रमुख प्रशासकीय अधिकृत

| क्र.सं. | वडा | क्र.सं. | विद्यालयको नाम र ठेगाना | संचालित कक्षा | विद्यार्थी संख्या २०८१ | | | | विवरण २०८१ | | | | संख्या | | | | संख्या | | | | विद्यालय समायोजनका लागि निर्णय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रा. | नि.मा. | मा. | उ.मा. | प्रा. | नि.मा. | मा. | उ.मा. | प्रा. | नि.मा. | मा. | उ.मा. | प्रा. | नि.मा. | मा. | उ.मा. | |
| | | ९ | एकता प्रा.वि., पैयुपन्थाप | 1-3 | 4 | | | | 2 | | | | −1 | | | | 1 | | | | पूर्ण समायोजन २०८२ मा गर्ने |
| | | १० | तारेभिर मौरीभिर प्रा.वि.,पैयुपन्थाप | 1-2 | 6 | | | | 1 | | | | | | | | 1 | | | | |
| | | | जम्मा | | 190 | 98 | 82 | 0 | 31 | 7 | 5 | 2 | 0 | 0 | 0 | 0 | 31 | 7 | 5 | 2 | |
| १० | जैमिनी १० राङ्खानी | १ | जनता मा.वि.,(पाही) राङ्खानी | 1-12 | 82 | 65 | 52 | | 5 | 3 | 5 | 2 | | | | | 5 | 3 | 5 | 2 | |
| | | २ | राङ्खानी मा.वि., राङ्खानी | 1-12 | 62 | 95 | 61 | | 5 | 3 | 5 | 2 | | | | | 5 | 3 | 5 | 2 | |
| | | ३ | जनप्रिय प्रा बि. राङ्खानी | 1-5 | 29 | | | | 3 | | | | | | | | 3 | | | | |
| | | ४ | मनचिना प्रा.वि., राङ्खानी | 1-5 | 22 | | | | 2 | | | | | | | | 2 | | | | |
| | | ५ | जनता प्रा.वि., राङ्खानी | 1-5 | 28 | | | | 3 | | | | | | | | 3 | | | | |
| | | ६ | बालसाक्षरता प्रा.वि., राङ्खानी | 1-3 | 6 | | | | 1 | | | | | | | | 1 | | | | |
| | | ७ | जनजागृती प्रा.वि., राङ्खानी | 1-3 | 7 | | | | 1 | | | | | | | | 1 | | | | |
| | | ८ | देउराली प्रा.वि., राङ्खानी | 1-3 | 19 | | | | 2 | | | | | | | | 2 | | | | |
| | | ९ | शंकर प्रा.वि., राङ्खानी | 1-3 | 10 | | | | 1 | | | | | | | | 1 | | | | |
| | | | जम्मा | | 265 | 160 | 113 | 0 | 23 | 6 | 10 | 4 | 0 | 0 | 0 | 0 | 23 | 6 | 10 | 4 | |
| | | | जम्मा | | 1861 | 1090 | 764 | 0 | 234 | 78 | 69 | 22 | 0 | 0 | 0 | 0 | 233 | 78 | 69 | 22 | 0 |

श्री सर्वोदय प्राबि जैमिनी ४ सर्कुवांको प्राथमिक तृतिय श्रेणीको दरवन्दी संख्या १ नगरपालिकामा पुलमा राखि श्री जैमिनी संस्कृत पाठशाला जैमिनी २ दमेकमा स्थानान्तरण गरिएको ।

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

**२.समायोजन हुने बिद्यालय र शिक्षक दरवन्दी कटौति एवम् स्थानान्तरण:**

उपरोक्त बमोजिम सामुदायिक बिद्यालयहरुको समायोजनबाट तपसिल बमोजिम का बिद्यालयहरुमा बिद्यालय समायोजन गरि शिक्षक दरवन्दी कटौती गरि थप हुने बिद्यालयहरुमा निम्नानुसार स्थानान्तरण गर्ने ।

तपसिल

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका बागलुङ

विद्यालय समायोजन र दरवन्दी स्थानान्तरण हुने विद्यालय सम्बन्धि निर्णय ।

| क्र.सं. | समायोजन हुने विद्यालय र ठेगाना | हाल कटौति हुने दरवन्दी संख्या | दरवन्दीको प्रकार | दरवन्दी थप हुने विद्यालय र ठेगाना | समायोजन सम्बन्धि निर्णय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जैमिनी प्रा.बि. जैमिनी १ कुश्मीसेरा | १ | प्राथमिक तृतिय | शान्ति मा.बि. जैमिनी १ कुश्मीसेरा | पल्लोपाखा सामुदायिक मा.बि. जैमिनी १ कुश्मीसेरामा समायोजन गर्ने चालु शैक्षिक बर्ष २०८१ मा १ दरवन्दी सोहि बिद्यालयमा कायम रांखी २०८२ बैशाखमा पूर्ण समायोजन गर्ने । | |
| २ | जैमिनी प्रा.बि. जैमिनी १ कुश्मीसेरा | १ | प्राथमिक तृतिय | सर्वोदयजनक मा.बि. जैमिनी ५ बिनामारे | | |
| ३ | सिद्धिगणेश प्रा.बि जैमिनी १ कुश्मीसेरा | १ | प्राथमिक तृतिय | शिवालय आ.बि. जैमिनी ३ दमेक | जनचेतना प्रा.बि. जैमिनी १ कुश्मीसेरामा समायोजन गर्ने चालु शैक्षिक बर्ष २०८१ मा १ दरवन्दी सोहि बिद्यालयमा कायम राखी २०८२ बैशाखमा पूर्ण समायोजन गर्ने । | |
| ४ | सिद्धिगणेश प्रा.बि जैमिनी १ कुश्मीसेरा | १ | प्राथमिक तृतिय | जनता मा.बि. जैमिनी ४ सर्कुवा | | |
| ५ | जनभावना प्रा.बि जैमिनी २ दमेक | १ | प्राथमिक तृतिय | सुन्तलाचौर मा.बि. जैमिनी २ दमेक | जनप्रिय मा.बि. जैमिनी २ दमेकमा चालु शैक्षिक बर्ष २०८१ मा पूर्ण समायोजन गर्ने । | |
| ६ | जनज्योति प्रा.बि जैमिनी २ दमेक | १ | प्राथमिक तृतिय | जैमिनी संस्कृत पाठशाला मा.बि. जैमिनी २ दमेक | सहिदस्मारक प्रा.बि. जैमिनी २ दमेकमा चालु शैक्षिक बर्ष २०८१ मा पूर्ण समायोजन गर्ने । | |
| ७ | सर्वोदय प्रा.बि. जैमिनी ४ सर्कुवा | १ | प्राथमिक तृतिय | दिव्यज्योती प्रा.बि. जैमिनी ४ सर्कुवा | दिव्यज्योती प्रा.बि. जैमिनी ४ सर्कुवा चालु शैक्षिक बर्ष २०८१ मा पूर्ण समायोजन गर्ने । | |
| ८ | सर्वोदय प्रा.बि. जैमिनी ४ सर्कुवा | १ | प्राथमिक तृतिय | जैमिनी नगरपालिकामा पुलमा राख्ने र श्री जैमिनी संस्कृत पाठशाला जैमिनी २ दमेकमा स्थानान्तरण गर्ने | | |
| ९ | ताराज्योती प्रा.बि. जैमिनी ८ छिस्ती | १ | प्राथमिक तृतिय | छिस्ती आ.बि. जैमिनी ८ छिस्ती | बसन्त मा.बि. जैमिनी ८ छिस्तीमा चालु शैक्षिक बर्ष २०८१ मा पूर्ण समायोजन गर्ने । | |
| १० | क्वाडदी प्रा.बि. जैमिनी ८ छिस्ती | १ | प्राथमिक तृतिय | जनकल्याण मा.बि. जैमिनी ८ छिस्ती | नवज्योती प्रा.बि. जैमिनी ८ छिस्तीमा चालु शैक्षिक बर्ष २०८१ मा पूर्ण समायोजन गर्ने । | |
| ११ | एकता प्रा.बि. जैमिनी ९ पैंयुथन्थाप | १ | प्राथमिक राहत अनुदान | मेलमिलाप प्रा.बि. जैमिनी ९ पैंयुथन्थाप | जनता मा.बि. जैमिनी ९ पैंधुथन्थापमा समायोजन गर्ने चालु शैक्षिक बर्ष २०८१ मा १ दरवन्दी सोहि बिद्यालयमा कायम राखी २०८२ बैशाखमा पूर्ण समायोजन गर्ने । | |
| १२ | दलितउत्थान प्रा.बि. जैमिनी ५ बिनामारे | ० | -- | -- | बिद्यालयको च.नं.२३ मिति २०८१।०४।३१ को पत्रानुसार उक्त बिद्यालयको कक्षा ४ र ५ सोहि वडा स्थित लिड स्कुल सर्वोदयजनक मा.बि. जैमिनी ५ विनामारेमा समायोजन गर्ने । | |
| | कुल जम्मा | ११ | | | | |

हरि बहादुर भुजेल.
प्रमुख प्रशासकीय अधिकृत

३. **शिक्षक व्यबस्थापनका आधार:**

सामुदायिक बिद्यालयहरुको समायोजन पश्चातको दरवन्दीको पत्राचार भए पछि बिद्यालय समायोजन तथा शिक्षक दरवन्दी मिलान कार्यान्वयन निर्देशिका २०८० को दफा ५ बमोजिमका आधारहरुको परिधि भित्र रहि तपसिल बमोजिमका मापदण्ड बमोजिम शिक्षक सरुवा र कामकाजका लागि खटाउन ७ दिने सूचना प्रकाशन गरी थप हुने बिद्यालयमा रोज्न अवशर प्रदान गर्ने र समयावधी भित्र शिक्षकबाट निबेदन प्राप्त नभएमा नगरपालिकाले कार्य अगाडी बढाउने ।

**तपसिल**

१. दरवन्दी कटौति हुने बिद्यालयको जेष्ठ शिक्षक भएको दरवन्दी कायम राखी कनिष्ठ दरवन्दीलाइ कटौति गर्ने तर जेष्ठ शिक्षकले दरवन्दी कटौति गरि जान निवेदन दिएमा जेष्ठलाइ पहिलो प्राथमिकतामा राख्ने ।

२. शिक्षकको जेष्ठता र कनिष्ठताको गणना गर्दा दरवन्दी र राहत लाइ एउटै वास्केटमा राखि कार्यरत श्रेणी र नियुक्ति मितिको आधारमा गर्ने र स्थाई पछि मात्र अस्थायी, करार र राहत अनुदानको नियुक्ति मितिका आधारमा जेष्ठता गणना गर्ने ।

३. स्थायी वा अस्थायी जुनसुकै शिक्षक भएतापनि स्थानीयलाई प्राथमिकतामा राख्ने र दुवै स्थानीय भएमा नियुक्ति मितिको जेष्ठता हेरिने छ र स्थायी स्थायी र अस्थायी अस्थायी महिला र पुरुष शिक्षक बिच महिलालाइ पहिलो प्राथमिकतामा राख्ने । जेष्ठताको हिसावले वडा वाहिर समेत रोज्न पाउने छ ।

४. शिक्षक बिद्यार्थी अनुपात कम भएका बिद्यालयमा बिषयगत शिक्षक आवश्यकताको आधारमा सरुवा गर्दा कार्यरत तहमा तोकिएको भन्दा माथिल्लो योग्यता भएको शिक्षकलाइ माथिल्लो कक्षा संचालन भएको नजिकको बिद्यालयमा शिक्षक स्वयंको इच्छाले जान चाहेमा बिषयगत शिक्षक आवश्यकताको आधारमा पहिलो प्राथमिकतामा राख्ने ।

४. **बिद्यालय सहयोगी कर्मचारीको समायोजन:**

बिद्यालय समायोजन भै अर्को बिद्यालयमा गाभिएका बिद्यालयहरुमा कार्यरत बिद्यालय सहयोगी कर्मचारीहरुलाई बिद्यालय समायोजन तथा शिक्षक दरवन्दी मिलान कार्यान्वयन निर्देशिका २०८० को दफा १२ (क) बमोजिम समायोजन भएकै बिद्यालयमा कामकाज गर्न खटाउने र निजहरुलाई समायोजन भएका पूर्व बिद्यालयहरुको महिनामा कम्तिमा २ पटक भौतिक अवस्थाको रेखदेख, सरसफाइ र संभार गर्न लगाउने ।

५. **बिद्यालयको चल अचल सम्पतीको व्यबस्थापन:**

समायोजन भै गाभिने बिद्यालयको जिन्सी सामान लगायत शैक्षिक सामाग्री हरु लगायतको भौतिक व्यबस्थापन सार्वजनिक बिद्यालय समायोजन एवम एकिकरण कार्यकम कार्यान्वयन कार्यबिधि २०७७ को दफा ७ (६) तथा बिद्यालय समायोजन तथा शिक्षक दरवन्दी मिलान कार्यान्वयन निर्देशिका २०८० को दफा १० बमोजिम गाभिने बिद्यालयमा पेश गर्ने र अचल सम्पतिको हकमा हाल रहेको बिद्यालय व्यबस्थापन समितिलाई तत्कालका लागि उक्त अचल सम्पती रेखदेख, संरक्षण तथा मर्मत संभार समितिमा रुपान्तिरण गरि संरक्षण चलन गर्न जिम्मा दिने र बिद्यालयमा रहेको नगदको हकमा तत्काल

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

अर्को निर्देशन नभए सम्मका लागि यथावत राख्ने गरि समायोजन भएको विद्यालयलाई निर्देशन दिने ।

**६. बिषयगत आवश्यकताका आधारमा शिक्षक सरुवा:**

बिद्यालय समायोजन र दरवन्दी मिलानको क्रममा बिद्यालय समायोजन तथा शिक्षक दरवन्दी मिलान कार्यान्वयन निर्देशिका २०८० को दफा ५ को उपदफा १ (क) बमोजिम विषयगत आवश्यकताको आधारमा तपसिल बमोजिम शिक्षक सरुवा गरि रिक्त स्थानमा विद्यालय रोज्न अवशर प्रदान गर्ने ।

तपसिल

| क.सं. | शिक्षकको नामथर | तह श्रेणी | हाल कार्यरत बिद्यालय | सरुवा गरिएको बिद्यालय, कार्यालय | सरुवाको कारण | कै |
|---|---|---|---|---|---|---|
| १ | राजेन्द्र शर्मा | प्रा. तृ. स्थायी | सरस्वती प्रा.वि. जैमिनी २ दमेक | जैमिनी संस्कृत पाठशाला जैमिनी २ दमेक | माध्यमिक तहका लागि विषयगत आवश्यकता | |
| २ | बिमल पौडेल | प्रा. तृ. स्थायी | सरस्वती प्रा.बि. जैमिनी ५ बिनामारे | जैमिनी नगरपालिकामा पुल दरवन्दी रहने र पदाधिकार जैमिनी संस्कृत पाठशाला जैमिनी २ दमेक रहने गरि काज मा जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय । | बालमैत्री स्थानीय शासन नगर सहजकर्ताको कामकाज गर्ने | |

निर्णय नं ९

जैमिनी नगरपालिकको विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुलाई आर्थिक सहयोग तथा पीडित बालबालिकालाई उद्धार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार तथा मनोवैज्ञानिक सहयोग उपलब्ध गराउनका लागि कोष स्थापना गर्न वाञ्छनीय देखिएकोले जैमिनी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि जैमिनी नगरपालिकाले बालकोष सञ्चालन कार्यविधि २०८१ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं १०

बालमैत्री स्थानीय शासनको अवधारणालाई आत्मसाथ गर्दै वालमैत्री स्थानीय शासनको मुल्य मान्यता र सिकाईलाई सबैमा हस्तन्तरण गर्ने तथा वालबालिकालाई मनोरम वातावरणमा रम्न खेल्न र सिकाई गर्ने उपयुक्त स्थलको विकास गर्ने हेतुले जैमिनी नगरपालिकाको वडा नं १को कुश्मिसेरा बजारमा रहेको शान्ति मा विमा रहेको भवनमा बालमैत्री स्थानीय शासन सिकाई केन्द्र र सोहि सँग जोडिएको क्याम्पसको नाममा रहेको जग्गामा बालउद्यान निर्णमा गर्ने निर्णय गरियो । यसको लागि स्रोतको व्यवस्थापनका लागि विभिन्न साझेदारी निकाय सँग अनुरोध गर्दै लागत साझेदारीको समेतको प्रतिवद्दता गर्ने समेत निर्णय गरियो ।

निर्णय नं ११

गुणस्तर अभिवृद्धिका लागि विद्यालयको शैक्षिक सूचक अध्ययन तथा विश्लेषण गरी कमजोर स्तर भएका विद्यालयहरुलाई थप सहायता गर्न तथा राम्रा सूचक भएका विद्यालयहरुलाई प्रोत्साहन गर्न आवश्यक देखिंएको सन्दर्भमा विद्यालय स्तरीकरण तथा शिक्षाका बालमैत्री सूचक २०८१ स्वीकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं १२

जैमिनी नगरपालिका क्षेत्र भित्रका असाहाय र अनाथ बालबालिकाहरुलाई सुरक्षित आवास सहित पौष्टिक खाना, आधारभूत स्वास्थ्य सेवा र गुणस्तरीय शिक्षामा पहुँच उपलब्ध गराउने र बालबालिकाहरूको उज्ज्वल भविष्य निर्माण गर्न र उनीहरूलाई सक्षम नागरिक बनाउन मद्दत पुऱ्याउने अभिप्रायले जैमिनी नगर शिक्षा ऐन,२०८० को दफा ६५(२) तथा स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी असाहाय तथा अनाथ बालबालिका संरक्षण कार्यक्रम संचालन निर्देशिका, २०८१ जारी गर्ने निर्णय गरियो ।

निर्णय नं १३

विद्यालय शिक्षाको पाठ्यक्रमले निर्धारण गरेका सक्षमताहरु हासिल गर्दै विद्यार्थीलाई सामाजिक मूल्य मान्यतामा आधारित संस्कारयुक्त, मर्यादित जीवनयापन सहित भविष्यको

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

लागि तयार गराउन आवश्यक ज्ञान, सीप, अभिवृत्तिको विकास गर्न सञ्चालन गर्नुपर्ने क्रियाकलापहरुलाई प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकाले, जैमिनी नगरपालिकाले गण्डकी प्रदेश सरकारले जारी गरेको Friday For Future कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिकाको अधिनमा रहि जैमिनी नगर शिक्षा ऐन २०८० को दफा ६५(२) ले दिएको अधिकार प्रयोग गरी **Creative Learning with Book Free Fridays कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका,** २०८१ जारी निर्णय गरियो ।

निर्णय नं १४

चालु आर्थिक कर्ष २०८१।०८२ का लागि यस नगरपालिका सँगको साझेदारीमा मर्मत सुधार गर्ने गरी बार्षिक कार्यक्रम तयार गरी पठाउनका लागि रु ४७०००००। रकम प्राप्त हुने सडक बोर्ड नेपालबाट पत्र प्राप्त भएकाले यस नगरपालिकाका गत आ बमा निरन्तर रुपमा सञ्चालनमा रहेका निम्नानुसारका सडकहरुलाई पुरा गर्ने गरी बार्षिक कार्यक्रम बनाई यहि मंसिर मसान्त भित्र पठाउने निर्णय गरियो । सो का लागि आवश्यक पर्ने लागत साझेदारी गर्नु पर्ने बजेट बार्षिक कार्यक्रमको सहकारी गैरसहकारी संस्था सँग साझेदारी शिर्षकमा रहेको बजेटबाट रु २३५००००। रकम विनियोजन गर्ने निर्णय गरियो ।

सडकको विवरण

| क स | सडकको नाम | कैफियत |
|---|---|---|
| १ | कुश्मिसेरा विनामारे अर्जेवा जैदी छिस्ति सडक | |
| २ | कुश्मीसेरा बास्टारी फेदी बनहुँ छहरा बुढीखर्क सडक | |
| ३ | विहारथला किटेनी कालखोला सडक | |

निर्णय १५

आर्थिक बर्ष २०८२/०८३ का लागि संघीय सरकार समक्ष राष्ट्रिय योजना आयोग मार्फत निम्नानुसारका योजना तथा कार्यक्रम समपुरक तथा विशेष अनुदानका लागि प्रस्ताव राखी माग गरी पठाउने निर्णय गरियो ।

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

| क स | योजनाको नाम समपुरक तर्फ | कैफियत |
|---|---|---|
| १ | कुश्मिसेरा सर्कुवा विहारथला वडा नं ८ कार्यालय सडक | संघीय समपुरक |
| २ | जैमिनी रिङरोड | संघीय समपुरक |
| ३ | न्वारढिक धुल्लु विहारथला सडक | प्रदेश समपुरक |
| ४ | वडा नं ३ को वडा कार्यालय भवन निर्माण | प्रदेश समपुरक |
| ५ | कुश्मीसेरा सुन्तलाचौर गाँजादह सडक | प्रदेश समपुरक |
| | योजनाको नाम विशेष तर्फ | |
| १ | बालमैत्री स्थानीय शासन कार्यक्रम | संघीय विशेष |
| २ | वडा नं ३ को स्वास्थ्य चौकी भवन सहितको पुर्वाधार स्थापना | प्रदेश विशेष |

निर्णय १६

आर्थिक बर्ष २०८२/०८३ मा जैमिनी नगरपालिकाको लागि अति आवश्यक सडकको सडक गुरुयोजना अनुरुप विकास गर्न निम्नानुसारका योजनाको प्राथमिकताक्रम निर्धारण गरी विस्तृत परियोजना प्रतिवेदन तयार गर्नु पर्ने भएकाले निम्नानुसारका सडकको विस्तृत परियोजना प्रतिवेदन तयार गर्न परामर्शदाता चयन गरि काम अगाडि बढाउने निर्णय गरियो ।

| क स | योजनाको नाम | कैफियत |
|---|---|---|
| १ | ढाव फुर्केसल्ला वडा कार्यलय चाउकेबारी हुदै पुरानोगाँउ सडक जैमिनी ८ | करिब ९ कि मि |
| २ | निरिङ्गे स्वास्थ्यचौकी हुदै रिठ्ठेडाँडा सडक वडा नं ५ | करिब ९ कि मि |
| ३ | जाडी लाम्सु सराते हुदै नाम्दुक सडक वडा नं ९ | करिब ९ कि मि |
| ४ | कालिगण्डकी करिडोर वडा कार्यालय चोखेक सडक वडा नं ६ | करिब कि मि |
| ५ | कालिगण्डकी करिडोर जैमिनधाम देखि कुश्मिसेरा सुन्तलाचौर गाजादह मध्यपहाडी लोक मार्ग जोड्ने सडक( सुन्तलाचौर गाजादह खण्ड ) | करिब कि मि |

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३



| | | |
|---|---|---|
| ६ | कालिगण्डकी करिडोर देशाचौर सुन्तलारुख सतिढुङ्गा चोखेक सडक | करिव कि मि |

निर्णय १७

चालु आ व २०८१/०८२ का लागि सञ्चालन हुने योजना तथा कार्यक्रमका लागि उपभोक्ता समितिका पदाधिकारीलाई अनुशिक्षण तथा योजना संझौता शिविर निम्न स्थान र समयमा गर्ने निर्णय गरियो । तत् समय अगाडि नै कम्तिमा ७ दिनको समय राखि आम उपभोक्ताको सहभागितामा उपभोक्ता समिति गठन गर्ने लागत ईस्टिमेट तयार गर्ने काम गर्ने गराउने निर्णय गरियो ।

समय तालिका

| मिति | अनुशिक्षण | सम्झौता |
|---|---|---|
| २०८१।०८।०९ | वडा नं.८ | |
| २०८१।०८।१० | वडा नं.७ | वडा नं.८ |
| २०८१।०८।११ | वडा नं.६ | वडा नं.७ |
| २०८१।०८।१२ | वडा नं.५ | वडा नं.६ |
| २०८१।०८।१३ | वडा नं.४ | वडा नं.५ |
| २०८१।०८।१४ | वडा नं.१० | वडा नं.४ |
| २०८१।०८।१५ | शनिबार | |
| २०८१।०८।१६ | वडा नं.९ | वडा नं.१० |
| २०८१।०८।१७ | वडा नं.१ | वडा नं.९ |
| २०८१।०८।१८ | वडा नं.२ | नगरपालिका कार्यालय |
| २०८१।०८।१९ | | वडा नं.२ |
| २०८१।०८।२३ | वडा न ३ | |
| २०८१।०८।२४ | | वडा नं ३ |

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं १८

नेपाल सरकार कृषि तथा पशुपन्छि विकास मन्त्रालय सँगको लागत साझेदारीमा जैमिनी नगरपालिकामा खरिद गर्न लागिएको कृषि एम्बुलेन्सका लागि नगरपालिकाको तर्फबाट गर्नु पर्ने ५० प्रतिशत लागत साझेदारी गर्न अनुमति प्रदान गरियो । प्रदेश तथा स्थानीय तहमा हस्तान्तरित सशर्त कार्यक्रम सञ्चालन कार्यविधिको बुदाँ नं २५ मा उल्लेख भए अनुसार कृषि एम्बुलेन्स खरिद गरि सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय १९

जैमिनी नगरपालिका र नेपाल स्वास्थ्यका लागि पानी नेवा सँग को साझेदारीमा चालु आर्थिक बर्षमा कार्यान्वय हुने निम्न दुई योजनाका लागि सरकारी गैरसरकारी संस्था साझेदारी शिर्षकमा विनियोजन भएको शिर्षकबाट आवश्यक बजेट रु १२५७८५७। रकम विनियोजन गर्ने निर्णय गरियो ।

निम्न

| क स | आयोजनाको नाम | साझेदारी हुने रकम रु |
|---|---|---|
| १ | सर्कुवा तल्लो मौलाछा खानेपानी योजना | ५४०३०६ |
| २ | कडेलथर खानेपानी योजना | ७१७५५१ |

निर्णय नं २०

जैमिनी नगरपालिका वडा नं -८ छिस्तीबाट जिल्ला सदरमुकाम बागलुङ जाने क्रममा ग २ प ९२४७ नम्बरको बोलेरो जिप जैमिनी नगरपालिकाकै विहारथला भन्ने स्थान नजिक दुर्घटनामा परि पाँच जना नागरिकको घटना स्थलमानै मृत्यू भएको र एक जना घाईते भएको घटनाले प्रत दुख ब्यक्त गर्दै घटनामा परि दुखद् मृत्यू हुने पाँचै जना प्रति भावपूर्ण श्रद्दान्जली अर्पण गर्ने र मृतकका परिवारजन र आफन्तमा गहिरो समवेदना प्रकट गर्ने निर्णय गरियो। घटनाका घाईतेको शिघ्र स्वास्थ्य लाभको कामना समेत गर्ने प्रस्ताव पारित गरियो ।

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत